*(संस्था दर्ताको लागि कार्यालयमा दिने निवेदनको ढाँचा)*

मिति :-

जिल्ला/इलाका प्रशासन कार्यालय, ।

...............................................

**विषयः संस्था दर्ता सम्बन्धमा ।**

महोदय,

हामीले संस्था दर्ता ऐन २०३४ को व्यवस्था बमोजिम .........................संस्था दर्ता गर्नको लागि प्रस्तावित संस्थाको विधान ..... प्रति यसै साथ संलग्न राखी देहायको विवरण खोली निवेदन गरेका छौं ।

विवरण

१. संस्थाको नामः-

२. संस्थाका उद्देश्यहरुः-

(क)

(ख)

(ग)

(घ)

४. आर्थिक स्रोतः-

५. संस्थाको ठेगानाः-

**भवदीय,**

**पदाधिकारीहरुको विवरण**

| क्र.सं. | पद | नामथर | पिता/पतिको नामथर | पेशा | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अध्यक्षको/सचिवकोः

नाम थरः

दस्तखतः

..........................................................................................

# विधान

## प्रस्तावना

....................नगरपालिका/................ गाउँपालिका वडा नं. ..............मा रहेका युवा/महिला (वर्ग) लाई .........................क्षेत्रमा (*सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी मध्ये कुनै एक क्षेत्रमा सिमित रही*) क्रियाशील र जागरुक रही सामाजिक चेतनाको स्तरवृद्धि मार्फत समाजको उत्थान र विकासका निमित्त एकजुट हुँदै सामाजिक सहभागिता र सहकार्यका आधारमा परोपकारी कार्यमा परिचालित भई सामाजिक सम्बन्धलाई सुदृढ र सघन बनाउँदै प्रचलित कानून र कार्यविधिका आधारमा समाज केन्द्रित गतिविधि सञ्चालन गर्ने ध्येयका साथ संस्था दर्ता ऐन,२०३४ को अधीनमा रही यो विधान तर्जुमा गरिएको छ ।(*संस्थाको प्रकृति बमोजिम यस ढाँचामा आफ्नो संस्थाको उद्देश्य र दर्ता गर्नुको मर्म संक्षेपमा उल्लेख हुने गरी तयार गर्ने*)

## परिच्छेद–१

## प्रारम्भिक

१. संस्थाको नाम :- यस संस्थाको नाम .............................रहने छ ।

**(क)** संस्थाको कार्यालय रहने ठेगानाः .................................................................।

**(ख)** संस्थाको कार्यक्षेत्र :-यस संस्थाको कार्यक्षेत्र .............भर रहनेछ र अन्य ...............मा शाखा विस्तार वा कार्यक्रम सञ्चालन गर्न सम्बन्धित स्थानीय अधिकारीको पूर्व स्वीकृत लिनुपर्नेछ ।

ग) **प्रारम्भ :-** यो विधान संस्था दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ ।

घ) **संस्थाको अस्तित्वः**-१) यो संस्था अविच्छिन्न उत्तराधिकारवाला संगठित तथा मुनाफा रहित सामाजिक संस्था हुनेछ।

२) संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र स्थानीय अधिकारीको स्वीकृति लिई प्रचलित कानून बमोजिम सम्पति खरिद गर्न सक्नेछ ।

३) संस्थाले व्यक्ति सरह आफ्नो नामवाट नालिस उजुरी गर्न सक्नेछ र सोही नामवाट नालिस उजुर लाग्नेछ ।

४) संस्थाले आफ्नो हक अधिकारको प्रयोग गर्दा अरुको हक अधिकारको हनन् गर्नेछैन।

**२.परिभाषाः-** परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः-

क) विधान भन्नाले ........................संस्थाको विधान, .......... *(दर्ता वर्ष)* लाई सम्झनुपर्दछ ।

ख) संस्था भन्नाले .................... लाई जनाउँछ ।

ग) समिति भन्नाले यस विधानको दफा १३ वमोजिम गठित कार्य समितिलाइ जनाउँछ ।

घ) सभा भन्नाले यस विधान वमोजिम वसेको साधारण सभा र विशेष साधारण सभा समेत जनाउछ।

ङ) पदाधिकारी भन्नाले विधानको दफा १३(क) बमोजिमको पदाधिकारीलाइ सम्झनु पर्दछ ।

च) विनियम भन्नाले यस विधान अन्तर्गत वन्ने विनियमलाइ जनाउँछ ।

छ) स्थानीय अधिकारी भन्नाले प्रमुख जिल्ला अधिकारीलाइ जनाउँछ ।

ज) तोकिएको वा तोकिए वमोजिम भन्नाले यो विधान र विधान अन्तर्गत वनेको विनियममा तोकिएको वा तोकिए वमोजिम सम्झनुपर्दछ ।

झ) स्थानीय तह भन्नाले नगरपालिका, गाउँपालिका र जिल्ला सभालाई जनाउँछ ।

३. **संस्थाको छाप र चिन्हः-** प्रचलित व्यवस्थाको प्रतिकूल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसूचि–१वमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिनेछ ।

## परिच्छेद–२

४. **संस्थाको उद्देश्यः**-यो संस्था मुनाफा रहित जनहितकारी सामाजिक संस्था हुनेछ । यस संस्थाका उद्देश्यहरु निम्न हुनेछन् ।

(क)

(ख)

(ग)

(घ)

(ङ) साझा उद्देश्य भएका संस्थाहरुसँगको सहकार्यमा समाजमा परोपकारी एवम् सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

**५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः-** *(तल उल्लेखित कार्यका अतिरिक्त संस्थाको उद्देश्य र प्रकृति अनुसारका अन्य कार्यहरु समेत उल्लेख गर्न सकिने।)*

क) संस्थाले प्रचलित नेपाल कानून वमोजिम सम्वन्धित निकायवाट अनुमति वा इजाजत प्राप्त गरी उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ ।

ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिन सक्नेछ साथै कम्प्युटर, टेलिफोन, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन आवश्कता अनुसार खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा कर्मचारीका सेवाका शर्तहरुका विषयहरु विनियममा उल्लेख भए अनुसार हुनेछ ।

घ) संस्थाले वाणिज्य वैंकमा खाता खोली आर्थिक कारोबार गर्नेछ ।

## परिच्छेद –३

## सदस्यता

**६. सदस्यताको वर्गिकरण**

क) **साधारण सदस्य** :- यस विधानको दफा ७ वमोजिम योग्यता पुगेको नेपाली नागरिकले दफा १०(क) अनुसार आवेदन गरी संस्थाको साधारण सदस्य प्राप्त गर्न सक्नेछन् ।

ख) **संस्थापक सदस्यः**-यो संस्था दर्ता हुदाको वखतका पदाधिकारी एवं सदस्यहरु संस्थापक सदस्य हुनेछन् साथै संस्थापक पदाधिकारी एवं सदस्यहरुले तोकिए वमोजिमको शुल्क वुझाउनु पर्नेछ ।

ग) **आजीवन सदस्यः**- संस्था विकासका लागि विशेष सहयोग गर्ने तथा योगदान पुर्याउने व्यक्तिहरुलाई विधानको दफा १०(ग) अनुसार आजीवन सदस्य प्रदान गरिनेछ ।

घ) **मानार्थ सदस्यः-**सामाजिक क्षेत्रमा क्रियाशिल रही विशिष्ट योगदान पुर्याएका बुद्धिजीवी, समाजसेवा एवं प्रतिष्ठित नेपाली नागरिकहरुलाई दफा १०(घ) बमोजिम संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ र मानार्थ सदस्यहरुलाई मताधिकार रहनेछैन ।

**७. <u>सदस्यता प्राप्तीको लागि आवश्यक योग्यताः-</u>** यस संस्थाको सदस्यको लागि देहाय वमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

क) नेपाली नागरिक,

ख) १८ वर्ष उमेर पुगेका महिला तथा पुरुष,

ग) मानसिक सन्तुलन नगुमाएको,

घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको,

ङ) नैतिक पतन देखिने फौजदारी अभियोग वा भ्रष्टाचारको अभियोगमा सजाय नपाएको,

च) कुनै पनि राजनैतिक पार्टीमा संलग्न नभएको,

छ) सामाजिक कार्यमा अभिरुचि भएको ।

**८. संस्थाको सदस्य प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्थाः-** देहायका कुनै व्यक्ति संस्थाको सदस्य पद प्राप्त गर्न सक्ने छैन ।

क) गैर नेपाली नागरिक,

ख) १८ वर्ष उमेर पुरा नभएको,

ग) मगज विग्रेको वा वहुलाएको,

घ) दामासाहीमा परेको,

ङ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहर भएको,

च) नैतिक पतन देखिने फौजदारी अभियोग वा भ्रष्टाचारको अभियोगमा सजायँ पाएको, कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसूरदार ठहरी सजायँ पाएकोमा एक वर्ष पूरा नभएको ।

छ) सम्वन्धित संस्थामा निजी स्वार्थबाट परिचालित भएको,

ज) सदस्यता शुल्क नबुझाएको ।

**९. सदस्यताको समाप्ति :-** देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्य वहाल रहने छैन ।

क) यस विधानको दफा ८ वमोजिम सदस्य प्राप्त नभएमा वा नरहेमा,

ख) साधारण सभाको दुईतिहाई सदस्यहरुको वहुमतले संस्थाको सदस्य पदवाट हटाउने प्रस्ताव पारित भएमा,

ग) सदस्यले आफ्नो पदवाट दिएको राजिनामा स्वीकृत भएमा,

घ) संस्थाको काम कारवाही वदनियतपूर्वक गरेको कुरा अदालतवाट प्रमाणित भएमा,

ङ) यस विधान वमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा,

च) सदस्यता शुल्क नबुझाएमा,

छ) संस्था विघटन भै खारेज भएमा ।

तर कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि निजलाई सफाईको सवुद पेश गर्न संस्थाले उचित एवं पर्याप्त मौका दिईनेछ।

**१०  सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः-**

**(क)** **साधारण सदस्यः-** (१) विधानको दफा (७) बमोजिम योग्यता पुगेका व्यक्तिहरुले संस्थाको साधारण सदस्य प्राप्त गर्न प्रवेश शुल्क वापत रु............ ।– र अनुसूचि (३) बमोजिमको निवेदन पेश गर्ने व्यक्तिलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिनेछ

(२) साधारण सदस्यले प्रत्येक वर्ष असार मसान्तभित्र नविकरण शुल्क रु ... बुझाई नविकरण गर्नु पर्ने छ । निर्धारित समयभित्र सदस्यता नवीकरण हुन नसकेमा नवीकरण शुल्कको साथै थप दस्तुर रु...............समेत बुझाई सदस्यता नवीकरण गर्न सकिनेछ ।

**(ख)** **संस्थापक सदस्यः-** (१)यो संस्था दर्ता हुँदाको वखतका तदर्थ समितिका पदाधिकारीहरु एवं सदस्यहरु संस्थापक सदस्य रहनेछन् ।

(२) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए वमोजिमको शुल्क वुझाई साधारण सदस्य वा आजिवन सदस्य प्राप्त गर्न सक्नेछ।

**(ग)** **आजीवन सदस्यः-** संस्थामा एकमुष्ट रु .............।–वुझाई अनुसूचि-३ बमोजिमको ढाँचामा आवेदन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सकिनेछ।

**(घ)** **मानार्थ सदस्यः-** साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी,विशिष्ट तथा प्रतिष्ठित नेपाली नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सक्नेछ ।

(ङ) कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिइनेछ ।

(च) सवै सदस्यहरुले यस विधान र अन्तरगत वनेको नियम र विनियम मा भएका व्यवस्थाहरुको पालना गर्नु पर्नेछ ।

(छ) संस्थाले प्रदान गरेको उपदफा क, ख, ग र घ अनुसारको सदस्यहरुको अनुसूचि-४ बमोजिमको छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

## परिच्छेद-४

## साधारण सभा,कार्य समिति तथा बैठक सम्वन्धि व्यवस्थाः

**११. साधारण सभाको गठनः-**

(क) यस विधानको दफा ६(घ) वमोजिमका मानार्थ सदस्यहरु वाहेक दफा ६ को (क),(ख),(ग) बमोजिमका सदस्यहरु सम्मिलित रहेको साधारण सभाको गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन्,र निजहरुको मताधिकार हुनेछैन । साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

(ख) यस संस्थाको साधारण सभा देहाय वमोजिम हुनेछ ।

१ **वार्षिक साधारण सभा** :- वर्षको एक पटक वार्षिक साधारण सभा वस्नेछ ।

२ **विशेष साधारण सभा** :- संस्थाको कुल सदस्य संख्याको एक चौथाई सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्य समितिले कम्तीमा सात दिन भित्र अनिवार्य रुपमा वोलाउनु पर्नेछ । तर साधारण सभा वा विशेष सभा वसेको ६ महिना भित्र पुन विशेष साधारण सभा वस्न सक्नेछैन ।

३ यस संस्थाको प्रथम वार्षिक साधारण सभा स्थापना भएको मितिले छ महिना भित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्र गरिनेछ ।

४ यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफलको विषय खोली सवै साधारण सदस्यलाई अनिवार्य रुपमा सुचना दिईनेछ ।

५ यसरी साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ वमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः साधारण सभा वोलाईनेछ।

६ साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिने छ ।

**१२. साधारण सभाको काम कर्तव्य र अधिकारः-** साधारण सभाको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) कार्य समितिले पेश गरेको योजना कार्यक्रम र वार्षिक वजेट पारित गर्ने ।

(ख) लेखा परीक्षकवाट प्राप्त भएका वार्षिक लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखापरीक्षण प्रतिवेदनवाट देखिएका अनियमित वेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने वेरुजु रकमहरु असुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

(ग) आगामी वर्षको लागि लेखापरीक्षकको नियुक्ति गर्ने ।

(घ) संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्यांकन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

(ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान वमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने ।

(च) कार्य समितिवाट पेश भएका विधान संशोधन सम्बन्धी प्रस्ताव पारित गरी स्वीकृतिको लागि सम्बन्धित स्थानीय अधिकारी समक्ष पठाउने र नियम तथा विनियम स्वीकृत गर्ने ।

(छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

(ज) कार्य समितिवाट संस्थाको हित अनुकुल भएका कामकारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

(झ) संस्थाको आफ्नै आन्तरिक श्रोतवाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरवन्दी तथा कर्मचारीहरुको पारिश्रमिक तलव,भत्ता,र अन्य सुविधाहरुको आवश्यकता अनुरुप स्वीकृति गर्ने।

१३ **कार्य समितिको गठनः-** (क) साधारण सभाका सदस्यहरुवाट निर्वाचित देहाय वमोजिमको पदाधिकारी रहने ............ सदस्यीय एक कार्य समिति गठन गरिनेछ ।

अध्यक्ष- १

उपाध्यक्ष- १

सचिव- १

कोषाध्यक्ष- १

सदस्यहरु- *आवश्यकताअनुसार (कार्यसमितिमा कुल ११ देखि १३ सम्म मात्र हुने गरी)*

(ख) कार्य समितिको कार्यकाल ..... वर्षको हुनेछ ।

(ग) कार्य समितिको वैठक आवश्यकता अनुसार अध्यक्षले वोलाउनेछ । तर कार्य समितिका पदाधिकारीहरुको जम्मा संख्याको २५ % ले वैठक वोलाउन माग गरेमा अध्यक्षले कार्य समितिको वैठक तुरुन्त वोलाउनु पर्दछ ।

(घ) कार्य समितिका पदाधिकारीहरुको कुल संख्याको ५१ % पदाधिकारीहरु उपस्थित नभै कार्य समितिको वैठक वस्ने छैन

(ङ) कार्य समितिको वैठकमा अध्यक्षले अध्यक्षता गर्ने छ तर निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष पनि अनुपस्थित रहेमा वैठकमा उपस्थित भएका सदस्यहरु मध्ये जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(च) कार्य समितिको वैठकमा वहुमतको निर्णय मान्य हुनेछ ।

(छ) कार्य समितिको वैठकमा छलफल भएको विषयहरुको निर्णय निर्णय पुस्तिकामा उपस्थित सदस्यहरुको दस्तखत सहित उतार गर्नुपर्नेछ तर निर्णयमा असहमत जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ ।

(ज)  संस्थाले गर्ने सम्पूर्ण कार्यहरु कार्य समितिको निर्णयबमोजिम हुनेछन् ।

**१४. कार्य समितिको काम कर्तव्य र अधिकारः-** कार्य समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क)  संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित वजेट वनाई साधारण सभामा प्रस्तुत गर्ने ।

(ख)  विधानमा उल्लेख भएका सम्पूर्ण व्यवस्थाहरु पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(ग)  समाजमुखी र समुदायकेन्द्रित कल्याणकारी कार्यक्रमहरु सञ्चालन गर्ने ।

(घ)  साधारण सभापति उत्तरदायी रहने ।

(ङ)  संस्थाको उद्देश्य प्राप्तिका लागि उपलव्ध साधन र श्रोतको अधिकतम एवं विवेकपूर्ण उपयोग र परिचालन गर्ने ।

(च)  संस्थाको कार्ययोजना वनाउने, श्रोत जुटाउने तथा कार्यसम्पादन गर्ने र सोको कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन समेत गर्ने ।

(छ)  संस्थाको सम्पति र कोषको सुरक्षाको व्यवस्था मिलाउने र बाणिज्य बैंकमा खाता खोली सम्पूर्ण आर्थिक कारोबारलाई बैंकमार्फत संचालन गर्ने साथै कुनै पनि भुक्तानी नगदमा नगर्ने र गर्नुपर्ने भएमा सामान्य खर्च पेश्कीमार्फत गर्ने व्यवस्था मिलाउने।

(ज)  संस्थाका कर्मचारीहरुको सेवा शर्त तथा सुविधा आदि सम्वन्धी कर्मचारी विनियमावली वनाई साधारण सभावाट स्वीकृत गराइ लागु गर्ने गराउने ।

(झ)  संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समिति र अन्य उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गर्ने ।

(ञ)  संस्थामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

**१५. पद त्याग गर्न सक्ने** :-अध्यक्षले उपाध्यक्षमार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्षसमक्ष राजिनामा दिइ पद त्याग गर्न सक्नेछन् र कार्यसमितिको निर्णयबाट निजको राजीनामा स्वीकृति भएपछि मात्र निज पदमुक्त हुनेछ ।

**१६. अन्य समितिहरुः-** (क) यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य उप–समितिहरु गठन गर्न सक्नेछ ।

(ख) उपसमिति गठन गर्दा आवश्कता र औचित्यता पुष्टि हुने गरी गर्नुपर्नेछ र उपसमितिका कार्यहरु समितिले तोकेवमोजिम हुनेछन् ।

## परिच्छेद ५

**१७. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः-** **अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः**

क) समितिको वैठक,साधारण सभा र विशेष साधारण सभाको अध्यक्षता गर्ने,

(ख) पक्ष र विपक्षमा मत बराबर भएमा निर्णयाक मत दिने,

(ग) संस्थाको नेतृत्व लिने,

(घ) संस्थाको तर्फवाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने,

(ङ) सचिवलाई समितिको बैठक र सभा बोलाउन लगाउने,

(च) अभिलेख प्रमाणित गर्ने ।

**उपाध्यक्षको काम कर्तव्य र अधिकारः-**

(क) अध्यक्षलाइ सहयोग गर्ने,

(ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने,

(ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने,

(घ) अध्यक्षले दफा १५ बमोजिम पद त्याग गरेमा बैठकको अध्यक्षता गर्ने ।

**सचिवको काम कर्तव्य र अधिकारः-**

(क) संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने,

(ख) अध्यक्षको निर्देशन अनुसार वैठक र सभा वोलाउने,

(ग) अभिलेख सुरक्षित राख्ने,

(घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूर्ण रुपले पालना गर्ने,

(ङ) अध्यक्षको सहमतिमा प्रस्ताव तयार गरी कार्यपत्र पेश गर्ने,

(च) विभिन्न क्षेत्रवाट आएका प्रतिक्रिया, सिफारिश, निर्णयहरु समितिमा पेश गर्ने ।

**कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः-**

(क) संस्थाको कोषको रेखदेख र संचालन गर्ने,

(ख) साधारण सभामा वार्षिक कार्यक्रम र वजेट पेश गर्ने,

(ग) संस्थाको लेखा नेपाल सरकारको प्रचलित आर्थिक ऐन तथा कार्यविधि आधारमा दुरुस्त राख्ने,

(घ) नियमितरुपमा वार्षिक लेखापरिक्षण गराउने,

(ङ)  संस्थाले आवश्यक ठानेको क्षेत्र र विषयमा समितिको वैठकले तोकेको खर्च अध्यक्षको आदेशमा रकम निकासा गर्ने र अध्यक्षको आदेश विना रकम निकासा गर्न नपाउने,

(च)  भौतिक संरचना र जिन्सी सामानको अभिलेख दुरुस्त राख्ने ।

<u>सदस्यको काम कर्तव्य र अधिकारः</u>

(क)  समितिको वैठकमा सक्रिय भूमिका निर्वाह गर्ने,

(ख)  संस्थाको कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने ।

**१८. गणपुरक संख्याः- (क)** कुल सदस्य संख्याको ६७% प्रतिशत साधारण सदस्यहरुको उपस्थित नभएसम्म साधारण सभाको काम कारवाही हुनेछैन्।

(ख)  तर विधानको दफा ११ को (५) मा उल्लेख भए वमोजिम पुनः वोलाईएको साधारण सभामा कुल सदस्यको संख्याको ५१% उपस्थित भएमा सभा गर्न वाधा पर्नेछैन् ।

## परिच्छेद–६
## आर्थिक व्यवस्था

१९  संस्थाको कोषः-संस्थाको आफ्नो एउटा छुटै कोष हुनेछ र सो कोषमा देहाय वमोजिमका रकमहरु जम्मा हुनेछन् ।

(क  सदस्यता  वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्क र थप दस्तुरको रकम,

(ख)  व्यक्तिगत र संस्थागत रुपमा प्राप्त सहयोग र अनुदान वापतको रकम,

(ग)  संस्थाको चल सम्पत्ति वा अन्य वस्तुको विक्रीवाट प्राप्त रकम,

(घ)  विदेशी व्यक्ति र अन्तराष्ट्रिय संघ संस्थावाट प्राप्त सहयोग र अनुदान रकम,

(ङ)  स्थानीय निकायवाट प्राप्त सहयोग र अनुदानवापतको रकम,

(च)  संस्थाको उद्देश्य अनुरुप आयोजना गरिएको समारोह,कार्यक्रम आदिवाट प्राप्त रकम।

(छ)  विदेशी संघ संस्था वा व्यक्तिवाट आर्थिक सहयोग तथा अनुदान लिनु पर्ने भएमा समाज कल्याण ऐन २०४९ दफा १६ वमोजिम समाज कल्याण परिषदको पूर्व स्वीकृती लिनु पर्नेछ।

(ज)  संस्थामा प्राप्त रकम बाणिज्य वैंकमा खाता खोली जम्मा गरिनेछ ।

२०. **खाता सन्चालनः-** संस्थाको वैंक खाता अध्यक्ष वा सचिव र कोषाध्यक्ष (अनिवार्य) को संयुक्त दस्तखतवाट खाता सन्चालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

२१. **कोषको रकम खर्च गर्ने तरिका :-** संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय वमोजिम तरिका अपनाइ खर्च गरिनेछ ।

(क) संस्थाको वार्षिक वजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषवाट खर्च गर्न सकिने छैन ।

(ख) साधारण सभावाट पारित वजेट र कार्यक्रमको अधिनमा रही कोषवाट रकम खर्च गर्न सकिनेछ ।

(ग) कोषवाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

(घ) नेपाल सरकारका प्रचलित आर्थिक ऐन तथा कार्यविधिमा उल्लेखित नियम बमोजिम मात्र खर्च गर्न सकिनेछ ।

२२. **संस्थाको लेखा र लेखा परीक्षणः**

(क) संस्थाको आय व्ययको लेखा प्रचलित कानून वमोजिम स्पष्ट तवरले राखिनेछ ।

(ख) संस्थाको लेखापरीक्षण प्रचलित कानून वमोजिम रजिष्टर्ड लेखापरीक्षकवाट हुनेछ ।

(ग) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै वखत पनि आंफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाव किताव जाँच्न वा जाँच गर्न लगाउन सक्नेछ ।

(घ) लेखापरीक्षकको नियुक्ति वार्षिक साधारण सभावाट हुनेछ ।
तर प्रथम वार्षिक साधारण सभा नभए सम्म लेखा परिक्षकको नियुक्त कार्य समितिवाट हुनेछ ।

(ङ) संस्थाको वार्षिक प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, नविकरण लगायतका अन्य कागजातहरु वार्षिक रुपमा जिल्ला प्रशासन कार्यालय एवं समाज कल्याण परिषदमा अनिवार्य पेश गर्नु पर्नेछ ।

## परिच्छेद–७

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्वन्धी व्यवस्था

२३. निर्वाचन सम्वन्धी व्यवस्थाः- (क) कार्य समितिको निर्वाचन प्रयोजनको लागि कार्यसमितिको सहमतिद्वारा ३ जनाको एक निर्वाचन समिति गठन गरिनेछ,

(ख) निर्वाचन समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

(ग) निर्वाचन सम्वन्धी कुनै विवाद उत्पन्न भएमा विवाद समाधानका लागि निर्वाचन समितिको निर्णय नै अन्तिम हुनेछ ।

(घ) निर्वाचन सम्पन्न भई निर्वाचित पदाधीकारी तथा सदस्यहरुको सपथ ग्रहण समाप्त भएपछि निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

**२४. उम्मेदवार हुने योग्यता :-**

कार्य समितिको उम्मेदवार हुन देहाय वमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

(क) दफा १० बमोजिम साधारण सदस्यता प्राप्त गरेको,

(ख) नेपाली नागरिकता प्रमाण पत्रको प्रमाण पत्र प्राप्त गरेको,

(ग) कम्तिमा १८ वर्ष उमेर पुगेको,

(घ) मानसिक सन्तुलन नगुमाएको,

(ङ) प्रचलित ऐन कानूनले दोषी नठहर्याएको,

(च) संस्थाको उद्देश्य प्रति वफादार भएको ।

**२५. अविश्वासको प्रस्ताव :- (क)** अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय वमोजिमको रित पुर्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

(१) नेपाली भाषामा शिष्ट शव्दको प्रयोग गरी लेखिएको हुनुपर्छ ।

(२) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्छ ।

(३) साधारण सभा सदस्यहरु मध्येवाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम, थर र ठेगाना खुलाई सहीछाप भएको हुनुपर्छ ।

(ख) उपदफा (क) वमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्ताव स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा वस्ने स्थान, मिति समय समेत तोकी संस्थाको साधारण सभाका सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाइ विधानको दफा ११ (४) वमोजिम साधारण सभा वा विशेष साधारण सभा वस्ने सूचना दिइनेछ ।

(ग) अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिय :-(१) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उपदफा (क) वमोजिम प्रस्ताव पेश गर्न अनुमति दिईनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउन पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

(२) उपदफा क(३) वमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यले आफ्नो अभिमत प्रस्ताव प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत गर्न चाहने वढीमा अन्य तीन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

(३) उपदफा ग(२) वमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाइ आफ्नो सफाइ पेश गर्ने मौकाको लागि आफ्नो भनाइहरु राख्न अनुमति दिइने छ ।

**(घ) अविश्वासको प्रस्ताव माथि निर्णयः-** १. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको वहुमत पक्ष वा विपक्षमा छ भन्न निर्णयको लागि देहाय वमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने अर्को समूह छुट्याएर वा

ख) साधारण सभाको सदस्यहरुलाइ अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर,

२. साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुइ तिहाई) वहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछन् ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाईनेछैन ।

२६) **विधान संशोधनः-** कूल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरि पठाउन पर्नेछ । स्थानीय अधिकारीवाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

२७) **विनियम वनाउन सक्ने:** (क) संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम वनाउन सक्नेछ र सो विनियम साधारण सभावाट पारित गराई लागू हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

(ख) यो विधान र विधान  अन्तगर्त वनेको विनियमको अधिनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्वन्धी कार्यविधि वनाई लागू गर्न सक्नेछ । त्यस्तो कार्यविधिहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२८) **कर्मचारीको व्यवस्थाः-** संस्थाको दैनिक कार्ययोजना तथा कार्यक्रम संचालनको लागि आवश्यक पर्ने कर्मचारी दरवन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र सेवा शर्तहरु सहितको कर्मचारी विनियमावली निर्माण गरी साधारण सभाबाट स्वीकृति गराई कार्यान्वयन गर्नुपर्नेछ ।

२९) **संस्था खारेज** :-(क) साधारण सभाले अनावश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजीको लागि स्थानीय अधिकारी समक्ष पेश गर्न सक्नेछ ।

(ख) उपदफा (क) वमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजी कार्यको लागि एक वा एक भन्दा वढी लिक्विडेटरहरु र संस्थाको हिसाव किताव गर्नको लागि एक वा एक भन्दा वढी लेखा परीक्षकहरु नियुक्ती गर्न सक्नेछ ।

(ग) लिक्विडेटर र लेखा परीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए वमोजिम हुनेछ ।

(घ) यसरी कारणवश संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्व फरफारक गरी वाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

३०) **गोप्यता भंग गर्न नहुनेः-** यस संस्थाको कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले वैठक वा साधारण सभामा असभ्य र अश्लिल शव्दको प्रयोग गर्न पाइने छैन । संस्थाको गोपनियता कायम राख्न पादधीकारी र सदस्यहरुको जिम्मेवारी रहनेछ ।

३१) **ऐन अनुसार हुनेः-**

यस विधानमा उल्लेख नभएका कुराहरु संघसंस्था दर्ता ऐन तथा नियमावली र प्रचलित कानुन वमोजिम हुनेछ साथै संस्था दर्ता ऐन, नियमावली र प्रचलित कानूनसँग बाझिने प्रावधान तथा कानूनहरु वाँझिएको हदसम्म स्वतः अमान्य हुनेछन्।

**३२) निर्देशनको पालना :-**

(क) नेपाल सरकार वा स्थानीय अधिकारीले समय-समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

(ख) संस्थाबाट सञ्चालित क्रियाकलापले नेपाल तथा कुनै विदेशी राष्ट्र, अन्तराष्ट्रिय संघ संगठनसँगको सम्वन्धमा प्रतिकूल असर पार्ने वा नेपालको परराष्ट्र नीतिको विपरित हुन जाने वा नेपालको स्वतन्त्रता, सार्भौमसत्ता, भौगोलिक अखण्डता र शान्ति सुव्यवस्थामा खलल पुग्ने कुनै काम गर्नेछैन ।

**३३) तदर्थ समिति :-**

(क) यस संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा वोलाई विधान अनुसारको नयाँ कार्य समितिको निर्वाचन गरी निर्वाचित कार्यसमिति गठन गर्नेछ र यथाशीघ्र सोको जानकारी स्थानीय अधिकारीलाई दिनुपर्नेछ ।

(ख) प्रथम पटक निर्वाचन सम्पन्न नभए सम्मको अवस्थामा कार्यसमितिबाट भए गरेका कामकारवाहीहरु यसै विधान सरह भएको मानिने छ ।

**हामी तदर्थ समितिका निम्न व्यक्तिहरु यस विधान वमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सहीछाप गर्दछौं ।**

| क्र.सं | संस्थापकको नाम,थर र ठेगाना | साक्षीको नामथर वतन र सहिछाप |
|---|---|---|
| १ | नाम :<br>पदः<br>ठेगानाः<br>दस्तखतः<br>सम्पर्क नं.<br>ना.प्र.प.नं. | नामः<br>ठेगानाः<br>दस्तखतः |
| २ | नाम :<br>पदः<br>ठेगानाः<br>दस्तखतः<br>सम्पर्क नं.<br>ना.प्र.प.नं. | नामः<br>ठेगानाः<br>दस्तखतः |
| ३ | नाम :<br>पदः<br>ठेगानाः<br>दस्तखतः<br>सम्पर्क नं.<br>ना.प्र.प.नं. | नामः<br>ठेगानाः<br>दस्तखतः |
| ४ | नाम :<br>पदः<br>ठेगानाः<br>दस्तखतः<br>सम्पर्क नं. | नामः<br>ठेगानाः<br>दस्तखतः |
| ५ | नाम :<br>पदः<br>ठेगानाः<br>दस्तखतः<br>सम्पर्क नं.<br>ना.प्र.प.नं. | नामः<br>ठेगानाः<br>दस्तखतः |
| ६ | नाम : | नामः |

| | | |
|---|---|---|
| | पदः<br>ठेगानाः<br>दस्तखतः<br>सम्पर्क नं.<br>ना.प्र.प.नं. | ठेगानाः<br>दस्तखतः |
| ७ | नाम :<br>पदः<br>ठेगानाः<br>दस्तखतः<br>सम्पर्क नं.<br>ना.प्र.प.नं. | नामः<br>ठेगानाः<br>दस्तखतः |
| ८ | नाम :<br>पदः<br>ठेगानाः<br>दस्तखतः<br>सम्पर्क नं. | नामः<br>ठेगानाः<br>दस्तखतः |
| ९ | नाम :<br>पदः<br>ठेगानाः<br>दस्तखतः<br>सम्पर्क नं.<br>ना.प्र.प.नं. | नामः<br>ठेगानाः<br>दस्तखतः |

## अनुसूची-१
## (दफा ३ संग संवन्धित)

**संस्थाको छाप र चिन्हः-** यस संस्थाको आधिकारिताको लागि आफ्नै छाप र चिन्ह प्रयोग गर्नेछ । (जस्तै :- छाप मा गोलाकार प्रयोग भएमा; पहिलो गोलाकारको माथिल्लो अर्धगोलाकारमा .......................लेखिनेछ र तल्लो अर्धगोलाकारमा ......................रहनेछ । प्रयोग भएका चिन्ह र अक्षरलाई जस्ताको जस्तै व्याख्या गर्नुपर्नेछ ।)

## अनुसूची–२
## सपथ

म..................................... यस ............................. समितिको साधारण सभाबाट..................... पदमा निर्वाचित भएकोमा आफ्नो कार्यकालमा संस्थाको विधान, नीति, नियमानुसार संस्थाको हित र स्वार्थलाई सर्वोपरी मानी व्यक्तिगत स्वार्थ हितलाई त्यागी कुनै मोलाहिजामा नलागी इमान्दारिपूर्वक संस्था प्रति मन, वचन र कर्मले आफ्नो पदीय जिम्मेवारी पूरा गर्नेछु ।

| सपथ गराउने | सपथ लिने |
|---|---|
| नामः- | नामः- |
| पदः- | पदः- |

अनुसूचि-३

**सदस्यता प्राप्तिको आवेदन**

**श्रीमान् अध्यक्ष ज्यू,**

**.........................(संस्थाको नाम),**

**.............न.पा./गा.पा., ......... ।**

त्यस संस्थाको साधारण/आजीवन सदस्य लिनका लागि म ......................... ईच्छुक रहेकाले सदस्यता दस्तुर रु. ............यसैसाथ संलग्न गरी निवेदन पेश गर्दछु । संस्थाको नियमानुसार सदस्यता प्रदान गर्नुहुन अनुरोध छ।

..............................

**निवेदक**

## अनुसूची-४

## सदस्यताको अभिलेख

.................................. संस्थाबाट सदस्यता प्राप्त गर्नुहुने सदस्यहरुको विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | सदस्यको नाम थर | सदस्यता प्राप्तिको मिति | सदस्यता नं. | सम्पर्क नं. | सदस्यताको प्रकार | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | संस्थापक | साधारण | आजीवन | मानार्थ |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

प्रमाणित गर्ने

अध्यक्षको नामः

दस्तखतः

मितिः